धनगढीको एक विद्यालयमा ३३ विद्यार्थी पढाउन ११ शिक्षक, नतिजा शून्य

भोजराज रोस्यारा/हिटा

धनगढी, ८ जेठ

कैलालीको धनगढीमा एक विद्यालयका ३३ विद्यार्थीलाई ११ जना शिक्षकले पढाउँदै आएका पाइएको छ। धनगढी उपमहानगरपालिका-१३ राजपुरको जनता राष्ट्रिय आधारभूत विद्यालयमा एक शिक्षक बराबर तीनजना विद्यार्थी अनुपात रहेको पाइएको हो। २०३७ सालमा खुलेको यो सामुदायिक विद्यालयमा ८स वर्षयता यो वर्ष सबैभन्दा कम विद्यार्थी संख्या रहेको प्रधानाध्यापक रामप्रसाद फुलाराले बताउनुभयो। स्थानीय अभिभावकले आफ्ना छोराछोरीहरूलाई विद्यालय भर्ना नगर्दा समस्या भएको उहाँले बताउनुभयो। विद्यार्थी संख्या निकै कम हुँदा कक्षा १० सम्म सञ्चालित विद्यालयलाई गत वर्ष कक्षा ८ सम्म कायम गरिएको थियो। यो वर्ष झन् विद्यार्थी संख्या घट्दा विद्यालयकै भविष्य जोखिममा रहेको प्रधानाध्यापक फुलाराले बताउनुभयो।

स्थानीयको रोजाइमा अन्य विद्यालय

राना समुदायका बालबालिका पढ्ने यो विद्यालयमा भौतिक पूर्वाधार रामो छ। पर्याप्त खेलमैदान र खुला ठाउँ पनि छ। प्राथमिक तहमा चारजना शिक्षक स्थायी छन् भने दुईजना राहत शिक्षक कार्यरत छन्। बालविकास कक्षाका लागि दुईजना शिक्षक छन्। निम्न माध्यमिक तहमा दुईजना राहत शिक्षक कार्यरत छन्। एकजना स्वयंसेवक शिक्षकसमेत राखिएको छ। विद्यालयवरिपरि घना बस्ती छ। तर, विद्यार्थी नै नआउँदा शिक्षकहरू हाजिर गर्नमात्रै विद्यालय आउने गरेको व्यवस्थापन समितिका अध्यक्ष मदनराज भट्टले बताउनुभयो। उहाँले शिक्षकहरूकै कारण विद्यार्थी संख्या घटेको आरोप लगाउनुभयो। 'विद्यालयमा ११ जना शिक्षक छन्। उहाँहरू एकले अर्काको भनेको मान्नुहुन्न। आपसमा मेलमिलाप पनि छैन,' उहाँले भन्नुभयो, 'शिक्षक नै हाजिर गर्नमात्रै विद्यालय आउने भएपछि गाउँलेहरूले बालबालिका अन्यत्र पठाउन थाले।'

राजपुर क्षेत्रका अभिभावकहरूले घरनजिकैको विद्यालयमा पढाइ रामो नहुँदा कैलाली गाउँकै जनता राष्ट्रिय माध्यमिक विद्यालय, गेटाको सरस्वती माध्यमिक विद्यालय र बोराडाँडीमा रहेको त्रिभुवन माध्यमिक विद्यालय पठाउने गरेको स्थानीय एक अभिभावकले बताउनुभयो। विद्यालय व्यवस्थापन समिति गठनमा राजनीतिक प्रभाव परेकाले विद्यालय नै बन्द हुने अवस्थामा पुगेको उहाँको गुनासो छ।

राजनीतिक प्रभावले विद्यालय अस्तव्यस्त

गेटा गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्च छुट्टन रानाले २०३७ सालमा राजपुरको मध्य भागमा विद्यालय स्थापना गर्नुभएको हो। राना समुदायको बाक्लो बस्ती रहेकाले राना समुदायकै विद्यार्थीको संख्या उल्लेख्य हुने गरेको थियो। तर, विगत १० वर्षदेखि विद्यालय व्यवस्थापन समितिमा राना समुदायको उपेक्षा गरिँदा विद्यार्थी संख्या ह्वात्तै घटेको प्रधानाध्यापक फुलाराको दाबी छ। व्यवस्थापन समिति, राजनीतिक दलका स्थानीय नेताहरूले विद्यालय व्यवस्थापन समिति गठनमा राजनीति गर्दा राना समुदाय व्यवस्थापन समितिको अध्यक्ष हुन नसकेको प्रधानाध्यापक फुलाराको भनाइ छ। विद्यालयमा अध्ययन गर्ने बालबालिकाका अभिभावक नै व्यवस्थापन समितिमा बस्न नपाउँदा त्यसको प्रभाव विद्यार्थी संख्यामा परेको ठम्याइ प्रधानाध्यापक फुलाराको छ।

यो वर्ष कक्षा ८ मा शून्य नतिजा, प्रयोगात्मकमै एतजी

शिक्षक संख्याको अनुपात विद्यार्थी संख्या नगण्य रहेको जनता राष्ट्रिय आधारभूत विद्यालय राजपुरबाट शैक्षिक सत्र २०८१ मा कक्षा ८ का आठजना वार्षिक परीक्षामा सहभागी भएकामा नतिजा शून्य आएको छ। अनिवार्य गणितामा भने तीनजना विद्यार्थीलाई प्रयोगात्मक परीक्षामै फेल गराइएको छ। सामान्यतया प्रयोगात्मक परीक्षामा विद्यार्थी अनुत्तीर्ण गर्न नहुने भए पनि गणितामा तीनजनालाई एनजी ग्रेड दिइएको छ। गणित पढाउने कक्षा शिक्षक अमरबहादुर बोहराले तीनजना विद्यार्थीलाई एनजी ग्रेड दिनुभएको हो। उनीहरूले मौका परीक्षा दिए पनि आन्तरिक परीक्षामा एनजी आएकाले कक्षा ९ मा भर्ना हुन नपाउने स्थिति बनेको छ। आन्तरिक परीक्षाको नम्बर सुधार गर्नसमेत विद्यालयले कुनै प्रक्रिया थालेको छैन। विषय शिक्षक बोहराले भने झुटिले तीनजना विद्यार्थीको गणितको आन्तरिक परीक्षामा एनजी ग्रेड आएको बताउनुभयो। उहाँले शिक्षा महाशाखामा बुझ्नेर अंक सच्याउने बताउनुभयो।

कुन कक्षामा कति विद्यार्थी ?

शैक्षिक सत्र २०८२ का लागि विद्यालयमा जम्मा ३३ जना विद्यार्थीले मात्रै नाम लेखाएका छन्। ११ जना शिक्षकले दिनभर ३३ जना बालबालिकालाई पढाउनुपर्ने अवस्था आएको छ। यो वर्ष बालविकासमा जम्मा दुईजना बालबालिका भर्ना भएका छन्। विद्यालयमा बालविकास शिक्षक भने दुईजना छन्। यस्तै, कक्षा एक र दुईमा एक/एकजना, तीन र चार कक्षामा समान दुई/दुईजना, कक्षा पाँचमा तीनजना, ६ मा दसजना, सातमा सातजना तथा कक्षा आठमा जम्मा पाँचजनाले नाम लेखाएको प्रधानाध्यापक फुलाराले बताउनुभयो। तर, इमिस प्रणालीमा भने विद्यालयका केवल १५ जनाको मात्रै विवरण प्रविष्ट गराइएको छ।

नक्कली इन्सपेक्टर पक्राउ

काठमाडौं। 'प्रहरी इन्सपेक्टर (प्रहरी निरीक्षक) हुँ भन्दै ठगी गर्दै हिँड्ने एकजना पक्राउ परेका छन्। भोजपुर सालपासिलिछो गाउँपालिका-३ घर भई हाल सप्तपुरको मध्यपुर ठिमी नगरपालिका-२ दिव्यश्वरी बस्ने २३ वर्षीय सुजन गिरीलाई प्रहरीले मध्यपुर ठिमीको दिव्यश्वरीबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर सप्तपुरका प्रहरी नायब उपरीक्षक हुण्डीराज नेउपानेले जानकारी दिनुभयो।

Malaysia मा रोजगार Econsave Cash & Carry Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०८२/२/८ चलानी नं. ६०२६८६०९ LT No.: 324380

सि.न.	कामदारको पद	स्वदेश सरकार पुरुष	महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाइम घण्टा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Maintainance Mechanic General	20		1700	५४,७००।-	क कि अनुसार	८ घण्टा	६ दिन	क कि अनुसार	फ्री	फ्री	२ वर्ष

Econsave Cash & Carry Sdn. Bhd. पूर्व स्वीकृती मिति: २०८२/२/८ चलानी नं.६०२६८६०२ LT No.: 324379

सि.न.	कामदारको पद	स्वदेश सरकार पुरुष	महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाइम घण्टा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Maintainance Mechanic General	9		1700	५४,७००।-	क कि अनुसार	८ घण्टा	६ दिन	क कि अनुसार	फ्री	फ्री	२ वर्ष

Econsave Cash & Carry Sdn. Bhd. पूर्व स्वीकृती मिति: २०८२/२/८ चलानी नं.६०२६८६०९ LT No.: 324378

सि.न.	कामदारको पद	स्वदेश सरकार पुरुष	महिला	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाइम घण्टा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Maintainance Mechanic General	11		1700	५४,७००।-	क कि अनुसार	८ घण्टा	६ दिन	क कि अनुसार	फ्री	फ्री	२ वर्ष

अन्तरवार्ता २०८२ जेष्ठ १८ र १७ गते (30 & 31 May, 2025) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महाँकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५७

द्वन्द्वपीडितलाई विश्वासमा लिएर काम गर्न मानव अधिकार आयोगको आग्रह

काठमाडौं। राष्ट्रिय मानव अधिकार आयोगले द्वन्द्वपीडितलाई विश्वासमा लिएर काम गर्न आग्रह गरेको छ। पीडितहरूको स्वीकार्यता, विश्वसनीयता र सहयोगबाट मात्र संक्रमणकालीन न्याय टुंगोमा पुग्दछ भन्ने कुरामा आयोग स्पष्ट रहेको बिहीबार सहसचिव

एवं प्रवक्ता डा. टिकाराम पोखरेलले विज्ञप्ति जारी गर्दै बताउनुभएको छ। 'नेपाल सरकारले विगत दुई वर्षदेखि रिता रहेको संक्रमणकालीन न्याय सम्बन्धी दुई आयोगहरू गठन गरेको सन्दर्भमा द्वन्द्वपीडितहरूले आयोग गठन प्रक्रियाप्रति गरेको असहमतिप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पीडितहरूको स्वीकार्यता, विश्वसनीयता र सहयोगबाट मात्र संक्रमणकालीन न्याय टुंगोमा पुग्दछ भन्ने कुरामा आयोग स्पष्ट छ।'

विवाद र असहमतिलाई वार्ता र संवादका माध्यमबाट नै निकास दिन सकिने हुँदा द्वन्द्वपीडितलाई न्याय सुनिश्चित हुने विश्वास दिलाउनु आवश्यक रहेको आयोगले बताएको छ। 'संक्रमणकालीन न्याय टुंगयाउन विगतमा गरिएका प्रयासहरूको असफलताबाट पाठ सिक्दै पुनः सो नियति नदोहोरियोस् भनी सम्बद्ध सबै पक्ष गम्भीर हुनु आवश्यक छ,' आयोगले विज्ञप्तिमार्फत् भनेको छ।

संक्रमणकालीन न्याय पीडितको सन्तुष्टिमा केन्द्रित हुनुपर्ने कुरामा आयोग दृढ रहेको पनि विज्ञप्तिमा बताइएको छ। 'अतः संक्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आत्मसात गर्दै संक्रमणकालीन न्यायलाई विशुद्ध कानुनी प्रकृतिको न्यायिक निरुपणको विषय मात्र नबुझी पीडितको सन्तुष्टिलाई केन्द्रमा राखन, भविष्यमा द्वन्द्व नदोहोरियोस् भन्नेतर्फ विचार पुऱ्याउन र द्वन्द्वपीडित समुदायलाई विश्वासमा लिई कार्य गर्न आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ,' आयोगले भनेको छ।

संक्रमणकालीन न्याय समयमै टुंगोमा पुगी द्वन्द्वपीडितले न्याय पाउनुपर्छ भन्ने द्वन्द्वपीडितको सरोकार र भावनाको कदर गर्दै पीडितको न्यायप्रति सदैव प्रतिबद्ध रहेको आयोगले जनाएको छ।

यार्सा टिप्न हिँउँका युवा नदीमा बेपत्ता

तृपेन्द्रबहादुर मल्ल/मुगु। यार्सागुम्बु संकलन गर्न हिँडेका मुगुम कार्मारोङ गाउँपालिकाका एक युवा चिप्लिएर नदीमा खस्दा बेपत्ता भएका छन्। मुगुम कार्मारोङ गाउँपालिका-५ सेरोग गाउँका ४० वर्षीय सेराप साम्बु लामा यार्सा संकलन गर्न बुधबार घरबाट हिँडेनुभएको थियो। यार्सा संकलनका लागि पाटन क्षेत्र जान लाग्दा मुगु कर्णाली नदी पार गर्न राखिएको काठको लाप्कोबाट चिप्लिएर नदीमा खसेको जिल्ला प्रहरी कार्यालय मुगुले जानकारी दिएको छ। यार्सा संकलनका लागि पाटन क्षेत्र जानका लागि सिरानी पौरस्थित नदीमाथि राखिएको काठको लाप्कोबाट खसेर लामा बेपत्ता भएको मुगुम कार्मारोङ गाउँपालिका उपाध्यक्ष छिरिङ पुटिक तामङले पुष्टि गर्नुभयो। उहाँका अनुसार घटना बुधबार राति साढे ८ बजे तिरको हो। सर्वसाधारणका लागि मुगुम कार्मारोङ गाउँपालिकाले जेठ १२ गतेबाट यार्सा संकलनका लागि खुल्ला गरेको सूचना सार्वजनिक गरेको छ।

चेक हराएको सूचना

यस कम्पनी अप्रुनि सिल्डर्स प्रा.लि.को माछापुच्छे बैंक लि., पुतलीसडक शाखामा सञ्चालनमा रहेको खाताको चेक नं. ००३८०४८६६२, ००३८०४८६६३, ००३८०४८६७७, ००३८०४८६७३, ००३८०४८६७४, ००३८०४८६७४, ००३८०४८६७६ र ००३८०४८६९० मिति २०८१/०३/०१ गते हराएको सूचना जारी गर्दछौं।

बोलपत्रद्वारा गोलिया काठ/ लिलाम बिक्री वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०२/९

यस बुदुनाखोला सा.व.उ.स. कमलामाई न.पा.-१२ सिन्धुलीबाट आ.व. २०८१/२०८२ मा उत्पादन भई घाटगढि गरी राखिएको साल समेत विभिन्न जातको गोलिया थान ६२ को ८०१.८७ क्युफिट गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

बुदुनाखोला सा.व.उ.स कमलामाई -१२ सिन्धुली

सुमेरु पोलिमर्स लिमिटेड

रजिष्टर्ड कार्यालय: कुलेश्वर, काठमाण्डौं, फोन: ०१-५३८६५७४
Email : sumerupolymers@gmail.com

विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२ जेठ ९ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ साल ज्येष्ठ ८ गते बसेको सञ्चालक समितिको ७औं बैठकको निर्णयानुसार देहायको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न विशेष साधारण सभा बस्ने निर्णय भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थानः
मितिः २०८२ साल ज्येष्ठ २४ गते शनिवार तदनुसार ७ जुन, २०२५।
समयः दिनको ३:३० बजे।
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, कुलेश्वर, काठमाण्डौं।

छलफलका विषय
विशेष प्रस्ताहरु :
क) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।
ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका केही दफा तथा नियमहरुमा संशोधन गर्ने सम्बन्धमा।
ग) जारी पूँजी वृद्धि गरिए अनुरुप संस्थापक समूहबाट थप चुक्ता हुनुपर्ने पूँजी जुटाउनका लागि अन्य व्यक्ति तथा कानून बमोजिमका योग्य संस्थाहरुबाट पूँजी जुटाउने सम्बन्धमा।
घ) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
ङ) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
मोरङ्ग, विराटनगर
कोशी प्रदेश

शिलबन्दी कोटेशन स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८२-०२-०९

यस कार्यालयबाट मिति २०८२-०१-०१ गतेको सौर्य दैनिकमा प्रकाशित शिलबन्दी कोटेशन आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको शिलबन्दी कोटेशन न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. न.	विवरण	छनौट गरिएको बोलपत्रदाताहरु	कबोल अंक (मु.अ.क.समेत)
1	Upgrading of Sombare-1 Dekhi Rangeli-1 Sima Samma Baryati Sakha Bato, Belbari-6, Morang **(Contract ID No: IDO/MOR/NCB1/RW-214/081-82)**	M/S S & S Brothers Construction, Budhiganga-03, Morang, Koshi Pradesh	293018.50
2	Upgrading of Madhumlla Bazar Tukre Hundai Malami Tahara Sadak Starunnati , Lalbhitti Yalamber Chowk Sadak Kalopate and Dhankheti Kholitar Hundai Wada karyalaya Jane Sadak, Miklajung, Morang **(Contract ID No:IDO/MOR/NCB1/RW-216/081-82)**	M/S Yugal Constructions, Urlabari-02, Morang, Koshi Pradesh	6391707.20
3	Upgrading of Bodhi Marga, Biratnagar – 01, Morang **(Contract ID No:IDO/MOR/NCB1/RW-208/081-82)**	M/S Sristi Constructions, Biratnagar, Morang	1998666.42

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ९ गते शुक्रवार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : लमही शाखा — कर्जा शिर्षक : व्यवसायीक कर्जा (आवधीक)

ऋणीको विवरण

नाम : **श्री सम्पुर्ण प्वाइन्ट** प्रोप्राइटरको नाम : टिका पुन प्रा.फ.दर्ता : १५००/२१३५५-१०-२०७८-७९
दर्ता मिति : २०७८/११/२० दर्ता गर्ने कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय दाङ
स्थायी लेखा नं. : ६१३११५११७ ठेगाना : दाङ जिल्ला घोराही उ.मा.न.पा. वडा नं. १५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गोविन्द बहादुर ढाँगीको छोरी धिर बहादुर पुन मगरको बुहारी श्याम बहादुर पुनको पत्नी दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १७ हाल, घोराही न.पा. वडा नं. १५, बस्ने **टिका पुन** (ना.प्र.नं. : १८५५/१७६७ जारी मिति र जिल्ला : २०६१/०३/३१, दाङ)

२) देव बहादुर पुनको नाति धिर बहादुर पुन मगरको छोरा दाङ जिल्ला त्रिभुवननगर न.पा वडा नं. ३ हाल, वडा नं. १५ बस्ने **श्याम बहादुर पुन** (ना.प्र.नं. : ६८८०/६६ जारी मिति र जिल्ला : २०६०/०३/१९, दाङ)

२) शाखा कार्यालय : लमही शाखा — कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

ऋणीको विवरण

गोविन्द बहादुर ढाँगीको छोरी धिर बहादुर पुन मगरको बुहारी श्याम बहादुर पुनको पत्नी दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १७ हाल, वडा नं. १५, बस्ने **टिका पुन** (ना.प्र.नं. : १८५५/१७६७ जारी मिति र जिल्ला : २०६१/०३/३१, दाङ)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

देव बहादुर पुनको नाति धिर बहादुर पुन मगरको छोरा दाङ जिल्ला त्रिभुवननगर न.पा. वडा नं. ३ हाल, घोराही उ.म.न.पा वडा नं. १५ बस्ने **श्याम बहादुर पुन** (ना.प्र.नं. : ६८८०/६६ जारी मिति र जिल्ला : २०६०/०३/१९, दाङ)

३) शाखा कार्यालय : उर्लाबारी शाखा — कर्जा शिर्षक : मुक्तिनाथ सरल व्यवसायिक (आवधिक कर्जा)

ऋणीको विवरण

नाम : **मानव ज्वैलर्स** प्रोप्राइटरको नाम : लोक बहादुर भट्टराई प्रा.फ.र.नं. : ४५३२/०७२/०७३
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी दर्ता मिति : २०७२/११/२७
स्थायी लेखा नं. : ६१२२५६३२९ फर्मको ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा वडा नं. ९

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) सेर बहादुर भट्टराईको नाति ज्ञान बहादुर भट्टराईको छोरा ताप्लेजुङ्ग जिल्ला आम्बेगुदिन वडा न ७ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **लोक बहादुर भट्टराई** (ना.प्र.नं. : ०१/२४०/५६४४ जारी मिति र जिल्ला : २०४५/०३/०४, ताप्लेजुङ्ग)

२) बलराम आचार्यको छोरी ज्ञान बहादुर भट्टराईको बुहारी लोक बहादुर भट्टराईको पत्नी झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ८ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **शोभा भट्टराई** (ना.प्र.नं. : ०४१०३१/२४४ जारी मिति र जिल्ला : २०६४/०९/२४, झापा)

३) ज्ञान बहादुर भट्टराईको नाति लोक बहादुर भट्टराईको छोरा झापा जिल्ला कनकाई न.पा वडा न ४ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा वडा नं. ९ बस्ने **अनिसा भट्टराई** (ना.प्र.नं. : ०४-१२-७५-०००९० जारी मिति र जिल्ला : २०७५/०९/१३, झापा)

४) शाखा कार्यालय : पार्वतीपुर शाखा — कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा

ऋणीको विवरण

पदमलाल देवकोटाको नाति यमनाथ देवकोटाको छोरा चितवन जिल्ला भरतपुर वडा नं. १ हाल, भरतपुर म.न.पा वडा नं. २७ बस्ने **सरोज देवकोटा** (ना.प्र.नं. :३५/५०२६३ जारी मिति र जिल्ला : २०६६/०९/२० , चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) पदम बहादुर थापा मगरको छोरी यमनाथ देवकोटाको बुहारी सरोज देवकोटाको पत्नी चितवन जिल्ला भरतपुर उ.प.न.पा वडा नं. १ हाल, भरतपुर म.न.पा वडा नं. २७ बस्ने **विद्या थापा देवकोटा** (ना.प्र.नं. : ३५-०१-७२-०३९३६ जारी मिति र जिल्ला : २०७२/०४/१०, चितवन)

२) तारानाथ पौडेलेको नाति खुम प्रसाद पौडेलेको छोरा चितवन जिल्ला गितानगर वडा नं. ६ हाल, भरतपुर म.न.पा वडा नं. १५ बस्ने **चन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. : ३५१०२२/०५९ जारी मिति र जिल्ला : २०६७/०३/०१, चितवन)

५) शाखा कार्यालय : पार्वतीपुर शाखा — कर्जाको शिर्षक : साधरण कर्जा

ऋणीको विवरण

पदम बहादुर थापा मगरको छोरी यमनाथ देवकोटाको बुहारी सरोज देवकोटाको पत्नी चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १ हाल, वडा नं. २७ बस्ने **विद्या थापा देवकोटा** (ना.प्र.नं. : ३५-०१-७२-०३९३६ जारी मिति र जिल्ला : २०७२/०४/१०, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. तारानाथ पौडेलको नाति खुम प्रसाद पौडेलको छोरा चितवन जिल्ला गितानगर गा.वि.स वडा नं. ६ हाल, भरतपुर म.न.पा वडा नं. १५ बस्ने **चन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. : ३५१०२२/०५९ जारी मिति र जिल्ला : २०६७/०३/०१, चितवन)

२. पदम बहादुर थापा मगरको छोरी भक्त बहादुर थापाको बुहारी गोपाल बहादुर थापाको पत्नी तनहुँ जिल्ला भानु न.पा. वडा नं. १० हाल, चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. २७ बस्ने **पुनम थापा मगर** (ना.प्र.नं. : ४३-०१-७७-७६०९ जारी मिति र जिल्ला : २०७७/१२/१३, तनहुँ)

६) शाखा कार्यालय : बेनिघाट शाखा — कर्जा शीर्षक : लघुउद्यम कर्जा

ऋणीको विवरण

ईन्द्र बहादुर भट्टराईको नाति अक्कल बहादुर भट्टराईको छोरा धादिङ्ग जिल्ला जोगिमारा वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ९ बस्ने **विकास भट्टराई** (ना.प्र.नं. : २६१६९ जारी मिति र जिल्ला : २०५५/०४/१८, धादिङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर भट्टराईको नाति ईन्द्र बहादुर भट्टराईको छोरा धादिङ्ग जिल्ला जोगिमारा वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ९ बस्ने **अकल बहादुर भट्टराई** (ना.प्र.नं. : २६ वा ध्या ६६३-४२/४३ जारी मिति र जिल्ला : २०४२/०८/०५, धादिङ्ग)

२) रोम बहादुर थापा क्षेत्रीको छोरी खड्क बहादुर थापाको बुहारी टेक बहादुर थापाको पत्नी चितवन जिल्ला काउले वडा नं. ६ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा. वडा नं. ९ बस्ने **हेम कुमारी** (ना.प्र.नं. : १००८ जारी मिति र जिल्ला : २०४५/०२/०८, चितवन)

३) जय बहादुर सेडाईको नाति धर्मराज सेडाईको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. ९ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **शिवहरि सेडाई** (ना.प्र.नं. : ३७०६ जारी मिति र जिल्ला : २०५७/०३/१२, धादिङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970687, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ